(३) यस आ.व २०८०/०८१ मा केन्द्रबाट संचालन हुने तालिमहरुको तालिम कार्ययोजनाः

| क.स. | तालिमको विवरण | लक्षित प्रशिक्षार्थी | परिमाण | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | जिम्मेवारी | सहया नि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | श्रवण | भाद्र | अश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार | | |
| १ | कर्मचारी क्षमता अभिवृद्दि तालिम | मन्त्रालय/विभाग/प्रशिक्षण केन्द्रका कर्मचारीहरु | १ | | | | | | | | | | | | | | |
| २ | प्रशिक्षक तथा कर्मचारीहरूलाई COPOMIS सम्वन्धी TOT तालिम | मन्त्रालय/विभाग/प्रशिक्षण केन्द्रका कर्मचारीहरु | १ | | | | | | | | | | | | | | |
| ३ | सहकारी प्रशिक्षक प्रशिक्षण तथा पूनर्ताजगी तालिम – ७ दिने] -संघ। प्रदेश। स्थानीयस्तर_ | सहकारी नियामक निकायका सहकारी शाखाका कर्मचारीहरु | ७ | | | | | | | | | | | | | | |
| ४ | सहकारी संघसंस्थाका पदाधिकारीको लागि प्रशिक्षक प्रशिक्षण (१५ दिने) | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ३ | | | | | | | | | | | | | | |
| ५ | आधारभूत सहकारी तालिम (४ दिने ) | प्रारम्भिक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ३ | | | | | | | | | | | | | | |
| ६ | सहकारी संघसंस्थाका पदाधिकारीको लागि नेतृत्व तथा संस्थागत विकास तालिम १५ दिने | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | २ | | | | | | | | | | | | | | |
| ७ | सहकारी लेखा, वित्तीय व्यवस्थापन सम्बन्धि तालिम (१० दिने ) | सहकारी संघ संस्थाका लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा संस्थाको लेखा हेर्ने कर्मचारी | २ | | | | | | | | | | | | | | |
| ८ | सहकारी व्यवसाय प्रवर्द्धन तालिम (७दिने) | उत्पादनमुलक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ४ | | | | | | | | | | | | | | |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

## विषयः यस आ.ब मा सञ्चालन हुने तालिम कार्यक्रमहरुको जानकारी सम्बन्धमा ।

वेवसाईटमा प्रकाशित मितिः- २०८०।०४।०९

उपरोक्त सम्बन्धमा यस केन्द्रले यस आ.व २०८०/०८१ मा तालिम कार्यक्रम (बुदा नं ३ बमोजिमका ) सञ्चालन गर्ने कार्यक्रम रहेको हुदा उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक सम्बन्धित प्रदेश सहकारी मन्त्रालय /प्रदेश रजिष्ट्रार कार्यालय/स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरु तथा सहकारी संघ संस्थाहरुले यस केन्द्रको www.ctrc.gov.np मा गई online training मा click गरी माग गरिएका विवरण तथा माग गरिएबमोजिमका कागजातहरु संलग्न गरी मिति २०८०/०५/१५ गते भित्र अपलोड गर्नु हुन साथै संलग्न ढाँचा बमोजिम विवरण केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा समेत पठाइदिनुहुन सबै सरोकारवालाहरुमा निर्णयानुसार अनुरोध गरिन्छ। प्राप्त सहभागीहरुको विवरणका आधारमा यस केन्द्रले निर्धारण गरेको सहभागी छनौट मापदण्ड, मिति तथा प्राथमिकताका आधारमा सञ्चालन हुने तालिममा प्रशिक्षार्थीहरुलाई सहभागी गराउदै लैजाने व्यहोरा समेत अनुरोध छ।

१) सहभागी मनोनयन ढाँचाः

| क स | सहभागीको नाम थर | पद | कार्यरत निकाय/संघ/ संस्थाको नाम र ठेगाना | मोवाइल नम्वर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | सम्वन्धित निकाय/संघ/ संस्था/प्रमूख प्रशासकीय प्रमूखको नाम, सम्पर्क मोवाइल नं र इमेल ठेगाना | सहभागी हुन ईच्छुक तालिम कार्यक्रमको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(२) तालिममा सहभागी अनलाईन फारममा भर्न आवश्यक पर्ने कागजातः- तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ । यसका लागि www.ctrc.gov.np मा गई online training मा click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ ।

(१) सहभागीको २ प्रति पासपोर्ट साइजको फोटो र ना.प्र.प. प्रतिलिपि।

(२) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाई सम्बन्धित स्थानीय तहको मनोनयनपत्र

(३) सहभागीको मोबाइल नं. E-mail ठेगाना लगायत रजिष्ट्रेशन फाराममा माग भएका अन्य विवरण ।

(३) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता

(१) तालिम कार्यक्रममा होहल्ला रहित शान्त वातावरणमा सहभागी हुनुपर्नेछ ।

(२) केन्द्रले निर्धारण गरेको मिति तथा समयमा तालिम संचालन हुनेछ ।

(३) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नु पर्नेछ ।

(४) तालिमको अवधिभर कर्मचारीको हकमा तोकिएको पोशाक/अन्यको हकमा औपचारिक पोशाकमा रहनुपर्नेछ ।

(५) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन ।

(६) यस केन्द्रवाट गत आर्थिक वर्ष र यस चालु आर्थिक वर्षमा संचालित तालिम लिएका व्यक्तिहरु यस तालिममा सहभागी हुन पाइनेछैन । यस अघि तालिम नलिएका सहभागीहरुलाइ प्राथमिकता दिइनेछ ।

(७) आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ ।

(८) प्रशिक्षण अवधिभर प्रशिक्षण कक्षमा मोवाइल फोन चलाउन पाईने छैन।